# पशुपालन परियोजना तथा पशु पुनस्थापना स्याहार केन्द्र संचालन कार्यविधि २०७९

केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघ लि.

मिनभवन, काठमाण्डौं

०१-४६२१८५५

E-mail:cefacaltdnepal@gmail.com

पशुपालन परियोजना तथा पशु पुनस्थापना स्याहार केन्द्र संचालन कार्यविधि २०७९

प्रस्तावनाः

नेपालको कृषि क्षेत्रमा पशुपालन व्यवसायको महत्वपूर्ण योगदान रहदै आएको छ । नेपाल एउटा हिन्दू राष्ट्र र गाई राष्ट्रिय जनावर भएकोले अनुत्पादक तथा बुढा गाईगोरु, सांढे र माउको दुधकटुवा बाच्छाबाच्छिहरुको व्यवस्थापन एउटा व्यवसायिक चुनौंतीको रुपमा देखा पर्दै गएको छ । यस परिप्रेक्ष्यमा सहकारी पद्धति मार्फत अनुत्पादक पशु व्यवस्थापन गर्ने गरी पशु पुनस्थापना तथा स्याहार केन्द्र स्थापना र संचालन गर्न बान्छनीय भएकोले सहकारी ऐन, २०७४ को दफा २८ को उपदफा  बमोजिम केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघ लि.को विनियम, २०७८ को दफा, २० को उपदफा (१)ठ ले दिएको अधिकार प्रयोग गरी साधारण सभाबाट **"पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्र संचालन कार्यविधि, २०७९"** तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद –१

## संक्षिप्त नाम र परिभाषाः

### १. संक्षिप्त नाम :

१.१ यो कार्यविधिको नाम **"पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्र संचालन कार्यविधि, २०७९"** रहनेछ ।

१.२ यो परियोजना नेपाल राज्य भित्र जहाँसुकै पनि संचालक समितिले निर्णय गरि संचालन गर्न सक्नेछ ।

१.३ यो कार्यविधि साधारण सभाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "सदस्य संघ/संस्था" भन्नाले केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघ लि. मा आवद्ध सहकारी संघ/संस्था सम्झनु पर्दछ ।

(ख) "संघ" भन्नाले केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघ लि.सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ ।

(घ) "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्दछ ।

(ङ) "रजिष्ट्रार" भन्नाले सहकारी विभागका रजिष्ढार वा निजवाट अधिकार प्राप्त अधिकारीलाई सम्झनुपर्दछ ।

(च) "विनियम" भन्नाले केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघ लि.को विनियम, २०७१ सम्झनु पर्दछ ।

(छ) ‘‘संमिति’’ भन्नाले संघको विनियम, २०७८ को दफा २२ बमोजिम गठन भएको संचालक समिति सम्भ्कनु पर्दछ ।

(ज) ‘‘कार्य सम्पादन समिति’’ भन्नाले संघको विनियम, २०७८ को दफा ३० बमोजिम गठन भएको समितिलाई जनाउंदछ ।

(झ) ‘‘आर्थिक बर्ष’’ भन्नाले श्रावण १ गते देखि आषाढ मसान्त सम्मको अवधिलाई बुझाउदछ ।

(ञ) ‘‘व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृत/कार्यकारी निर्देशक’’ भन्नाले संघको व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृत/कार्यकारी निर्देशकलाई सम्भ्कनु पर्दछ ।

(ट) ‘‘पशुपालन’’ भन्नाले दुध, मासु, छाला, हाड र मलमूत्र उत्पादनको साथै खेतबारी जोत्ने, भारी बोक्ने काम र पशुको अनुबांशिक विकास तथा नश्ल सुधारको लागि पालिने घरपालुवा जनावर संभ्कनु पर्दछ ।

(ठ) ‘‘पशु पुनस्थापना एवं स्याहार केन्द्र’’ भन्नाले अनुत्पादक घरपालुवा पशुको रेखदेख, स्याहार र व्यवस्थापन कार्यको लागि स्थापित परियोजना सम्भ्कनु पर्दछ । यसलाई पशुपालन परियोजना केन्द्र वा पशु पुनर्स्थापना केन्द्र वा पशु स्याहार केन्द्र पनि भनिनेछ ।

(ड) ‘‘अधिकार प्राप्त अधिकारी’’ भन्नाले सहकारी ऐन तथा सहकारी नियमावली अनुसार तोकिए बमोजिमको अधिकार प्राप्त अधिकारी सम्भ्कनु पर्दछ । यो शब्दले कायम मुकाम वा निमित्त भई काम गर्ने अधिकारी समेतलाई जनाउंदछ ।

(ढ) ‘‘विभाग’’ भन्नाले संघीय तथा प्रादेशिक सरकारको सहकारी विभाग सम्भ्कनु पर्दछ ।

(ण) ‘‘मन्त्रालय’’ भन्नाले संघीय तथा प्रादेशिक सरकारको भूमि व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय सम्भ्कनु पर्दछ ।

(त) ‘‘परियोजना’’ भन्नाले सहकारी ऐन, २०७४ को दफा २१ बमोजिम संचालन हुने कारोवार, व्यवसाय, उद्योग वा परियोजना सम्भ्कनु पर्दछ ।

(थ) “परियोजना प्रमुख” भन्नाले यस संघले संचालन गर्ने पशुपालन परियोजना तथा पशु पुनर्स्थापना एवं स्याहार केन्द्र प्रमुख” लाई सम्भ्कनु पर्दछ ।

(द) ‘‘श्रोत केन्द्र’’ भन्नाले पशुपालन व्यवसायको लागि आवश्यक पर्ने पशुको नश्ल उत्पादन र विक्री गर्ने केन्द्र सम्भ्कनु पर्दछ ।

(ध) ‘‘प्रादेशिक कानून’’ भन्नाले प्रदेश सहकारी ऐन तथा यस अन्तरगत बनेको नियमावली सम्भ्कनु पर्दछ ।

(न) ‘‘स्थानीय कानून’’ भन्नाले स्थानीय तहको सहकारी ऐन तथा यस अन्तरगत बनेको नियमावली सम्भ्कनु पर्दछ ।

(प) “पालिका” भन्नाले स्थानीय तह अन्तरगतको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गांउपालिका सम्झनु पर्दछ ।

(फ) “अन्तर सहकारी कारोवार” भन्नाले सहकारी संघसंस्थाहरुवीच हुने कारोबार बुझ्नु पर्दछ ।

(ब) “परियोजना कार्यान्वयन उपसमिति” भन्नाले यस संघवाट संचालित पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्र कार्यान्वयन गर्न गठित उपसमिति बुझ्नु पर्दछ ।

(भ) “कोष” भन्नाले यस संघको कोषलाई सम्झनु पर्दछ ।

(म) “पशुधन” भन्नाले घर पालुवा जनावार तथा पंक्षीहरु सम्झनु पर्दछ ।

## परिच्छेद – २

## पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रको उद्देश्यः

**३. यस परियोजना तथा पशु पुनर्स्थापना एवं स्याहार केन्द्रको उद्देश्य देहाय बमोजिम हुनेछः-**

(क) सहकारी संघ वा संस्थाका सदस्यहरुको अनुत्पादक गाई, गोरु, साढे, दुधकटुवा बाच्छाबाच्छी आदिको हेरचाह, पालनपोषण र संरक्षण एवं व्यवस्थापन गर्ने ।

(ख) सर्वसाधारण कृषकको अनुत्पादक गाई, गोरु, साढे, दुधकटुवा बाच्छाबाच्छी आदिको हेरचाह, पालनपोषण र संरक्षण व्यवस्थापन गर्ने ।

(ग) सम्वन्धित पालिकामा छाडा गाई, गोरु, साढे, दुधकटुवा बाच्छाबाच्छी आदिको जिम्मा लिई हेरचाह, पालनपोषण र संरक्षण एवं व्यवस्थापन गर्ने ।

(घ) पुनर्स्थापना एवं स्याहार केन्द्रले पशुहरुको स्वास्थ्य परिक्षण एवं उपचार गर्ने ।

४. **परियोजना केन्द्रले संचालन गर्ने अन्य कार्यहरुः** केन्द्रीय पशुपन्छीपालन सहकारी संघ लि. वाट संचालन हुने अन्य कार्यहरु देहाय बमोजिम हुनेछनः-

(क) प्रांगारिक मल उत्पादन,

(ख) घांसखेती तथा घांसको बीउ बिरुवा उत्पादन,

(ग) प्रांगारिक तरकारी,

(घ) माछापालन,

(ङ) पशुदाना तथा आहारा उत्पादन,

(च) कांचो छाला उत्पादन ।

(छ) पशुपन्छी स्वास्थ्य सेवा केन्द्र संचालन,

(ज) घाँस वाली, पशुपन्छी  मत्स्य पालन एवं पशुपन्छी स्वास्थ्य सम्बन्धी तालिम संचालन,

(झ) पशु विज्ञान एवम पशु प्राविधिक अध्यनरत विद्यार्थि तथा सो संग सम्बन्धित तालिमका प्रशिक्षार्थी हरुलाइ प्रयोगात्मक एवम ओ.जे.टी. कक्षा संचालन,

(ञ) उन्नत नश्लका पशुपन्छी एवम् माछा हरुको श्रोत केन्द्र स्थापना,

(ट) पशुपन्छी तथा मत्स्य फर्म संचालन,

(ठ) उन्नत नश्लका गाई, भैसी फर्म संचालन गरी दुध उत्पादन,

(ड) उन्नत नश्लका पशु तथा पन्छी र माछाका भूरा उत्पादन गरी कृषकहरुलाइ विक्रि वितरण,

(ढ) उन्नत घाँस विउ, विरुवा कृषकहरुलाइ विक्रि वितरण,

## ५. पशुपालन परियोजना तथा पशु पुनस्थापन एवं स्याहार केन्द्र कार्य संचालन सम्वन्धी व्यवस्था-

(क) सहकारी ऐन, २०७४ को दफा २१ (१) अनुसार ब्यवस्था भए बमोजिम विनियमको अधिनमा रही यस संघले पशुपालन परियोजना तथा पशु पुनस्थापन एवं स्याहार केन्द्र परियोजना संचालन गर्नेछ ।

(ख) उपदफा (१) बमोजिम केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघले ब्यवसायिक पशुपालन परियोजना तथा पशु पुनस्थापना केन्द्र स्थापना र संचालन गर्नेछ ।

(ग) यस संघले संचालन गर्ने पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रको संख्या कम्तिमा एक र बढीमा आवस्यकता अनुसार हुन सक्नेछ ।

(घ) परियोजना केन्द्रको संख्याको अनुपातमा परियोजना कार्यान्वयन उपसमितिको संख्या बृद्धि हुनेछ ।

## ६. पशुपालन परियोजना तथा पशु पुनर्स्थापना एवं स्यहार केन्द्रको प्रयोजन तथा कार्यान्वयन प्रकृया:

(क) सहकारी नियमावलीको नियम १३ को उपनियम (१) को खण्ड (क) वा प्रादेशिक वा स्थानीय कानुनमा ब्यवस्था भए बमोजिम कारोवार, ब्यवसाय, उद्योग वा परियोजना संचालनको प्रकृया संचालक समितिले तय गरेबमोजिम हुनेछ ।

(ख) उपदफा (क) बमोजिम केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघ लि.ले सचालन गर्ने परियोजनाको प्रकृया संघको विनियममा उल्लेखित उद्देश्य पुर्ति गर्ने, माथि उल्लेखित उद्देश्य पुर्ति गर्ने र समय समयमा संचालक समितिले तय गरे अनुसार हुनेछ ।

## ७. परियोजना केन्द्रमा पशुधन प्रवेशको लागि प्राविधिकको सिफारिश आवश्यक पर्ने:

(क) माथि उल्लेखित जुनसुकै श्रोतवाट स्याहार केन्द्रले पशुधन प्राप्त गर्दा सम्वन्धित प्राविधिकको सिफारिश भएको हुनु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम प्राविधिकवाट पशुधन निरोगी अवस्थामा रहेको प्रमाणित भएको अवस्थामा मात्र स्याहार केन्द्रमा प्रवेश गराईनेछ ।

(ग) वृद्ध पशूको सम्बन्धमा अनुत्पादक एवम प्रजनन योग्य नरहेको भन्ने ब्यहोराको सम्वन्धित प्राविधिकको सिफारिश भएको हुनु पर्नेछ । तर स्थानिय तह वाट प्राप्त पशुको हकमा भने यो दफा आकर्षित हुने छैन ।

८. **पशुधनको अभिलेख ब्यवस्थापन गर्ने:** परियोजना केन्द्रमा प्रवेश हुने र केन्द्रवाट बाहिरिने पशुधनको श्रोत, उमेर, जात, लिंग आदि समेतको अभिलेख अध्याधिक गर्नु पर्नेछ ।

९. **पशुधन पहिचानको ब्यवस्थापन गर्ने:** परियोजना केन्द्रमा प्रवेश हुने पशुधनको पहिचानको लागि ट्याग वा नामाकरणको अनिवार्य ब्यवस्था गर्नु पर्नेछ ।

## <u>परिच्छेद – ३</u>

१०. **परियोजना केन्द्र एवं स्याहार केन्द्र संचालन र ब्यवस्थापनको लागि शुल्क असुल गर्ने:**

(क) पशुपालन परियोजना तथा पशु पुनस्थापना केन्द्रले पशुको स्याहार, संरक्षण र पालनपोषण तथा ब्यवस्थापनको लागि देहाय बमोजिमको शुल्क एकमुष्ठ असुल गर्नेछ:

(१) सहकारी संघसंस्थामा आवद्ध सदस्यहरुको पशुधनको लागि प्रति पशु रु.६,०००।-

(२) सर्वसाधारण कृषकहरुको पशुधनको लागि प्रति पशु रु.८,०००।-

(३) नगरपालीका वा गांउपालीकामा छाडा पशुधनको हकमा प्रति पशु रु.१०,०००।-

(ख) उपदफा (क) को खण्ड (१) र (२) बमोजिमको शुल्क सम्वन्धित धनीले र खण्ड (३) बमोजिमको शुल्क सम्वन्धित पालिकाले ब्यहोर्नेछ ।

तर खण्ड (१) र (२) बमोजिमको हकमा कोरेली बाच्छीको शुल्क लाग्ने छैन ।

(ग) प्रयोगात्मक एवम ओ.जे.टी. गर्न आउने विद्यार्थी एवम प्रशिक्षार्थी हरुलाइ प्रति दीन रु. २०० शुल्क लाग्नेछ ।

११. **मृत पशुधनको ब्यवस्थापन:**

(क) पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रले मृत पशुधनको ब्यवस्थापन देहाय बमोजिम गर्नेछ:-

(१) परियोजना परिसर तथा त्यससंग जोडिएको सार्वजनिक जंगलमा मृत पशुधनलाई खाल्डो खनी गाड्ने ।

(२) गिद्ध संरक्षण केन्द्रसंग समन्वय गरी मृत पशुधन गिद्धको आहाराको रुपमा प्रदान गर्ने ।

(३) मृत पशुधनको छाला तथा हाड प्रशोधन कारखानामा दिने ।

(ख) उपदफा (क) को खण्ड (१) बमोजिम मृत पशुधन ब्यवस्थापन गर्दा स्थानीय सामुदायिक बन उपभोक्ता समितिको सहमति लिनुपर्नेछ ।

१२. **बाच्छाबाच्छीको संरक्षण र ब्यवस्थापनः** पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रमा प्राप्त हुने बाच्छा बाच्छीको संरक्षण, ब्यवस्थापन र लालनपालन गरी उत्पादनयोग्य बनाई आवश्यकताको आधारमा बिक्री वितरण र प्रयोग गर्न दिने गरि पुनस्थापना गर्न सकिनेछ ।

१३. **पशुधन श्रोत केन्द्र संचालनः** पशुपालन परयोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रवाट पशुपन्छी श्रोत केन्द्र संचालन गरी कृषकको आवश्यकता बमोजिमको पशुधन आपूर्ति गर्न सकिनेछ ।

## परिच्छेद – ४

## परियोजना केन्द्रको संगठन संयन्त्र सम्वन्धी ब्यवस्था

१४. **निर्देशन समितिको ब्यवस्थाः**

(१) पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रलाई ब्यवसायिक रुपमा संचालन गर्न केन्द्रीय पशुपन्छीपालन सहकारी संघ लि.को संचालक समितिले निर्देशन समितिको रुपमा कार्य गर्नेछ ।

(२) उपदफा (१) बमेजिमको निर्देशन समितिले यस कार्यविधि अन्तर्गत गठित कार्यान्वयन उपसमितिलाई आवश्यक सहयोग र निर्देशन गर्नेछ ।

(३) पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रसंग सम्वन्धित कामको लागि कार्यान्वयन उपसमिति र निर्देशन समितिको बैठक आवश्यकता बमोजिम बस्नेछ ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(५) बैठकको कार्यविधि निर्देशन समिति आफैंले तय गरे बमोजिम हुनेछ ।

(६) निर्देशन समितिले परियोजना कार्यान्वयन उपसमितिको कामको अनुगमन गरी सुझाव दिनेछ ।

१५. **परियोजना कार्यान्वयन उपसमितिः**


(१) पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्दलाई ब्यवस्थित र ब्यवसायिक रुपमा संचालन गर्न संचालक समितिले अध्यक्ष सहित पाँच सदस्य रहने गरी एक परियोजना कार्यान्वयन उपसमिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठित परियोजना कार्यान्वयन उपसमितिको विधि संचालक समितिले तय गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठित परियोजना कार्यान्वयन उपसमितिको संख्या परियोजना केन्द्रको संख्या अनुसार एक वा एक भन्दा बढी हुन सक्नेछ । तर एक प्रदेशमा एक भन्दा बढी उपसमिति गठन गरिनेछैन ।

(४) उपदफा (१) बमोजिम गठित परियोजना कार्यान्वयन उपसमितिले व्यवसायिक आवश्यकता अनुसार व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृत र अन्य आवश्यक कर्मचारीहरु राख्न सक्नेछ ।

(५) पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रको संगठन संरचना देहाय बमोजिम हुनेछः-




१६. **साँझेदारी गर्न सक्ने :** पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्दलाई व्यवस्थित र व्यवसायिक रुपमा संचालन गर्न आवश्यकता अनुसार साँझेदारी गर्न सक्नेछ ।

१७. **आचार संहिता बनाई लागू गर्न सक्नेः**

(१) संघवाट व्यवसायिकरुपमा संचालित पशुपालन परियोजना तथा पशु पुनस्थापना एवं स्याहार केन्द्रलाई व्यवस्थित गर्न सहकारी मूल्य मान्यता, सिद्धान्त र प्रचलित ऐन कानून बमोजिम सदस्य सेवालाई प्राथमिकता दिने हिसावले निर्देशन समितिवाट आचार संहिता बनाई लागू गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको आचार संहिता परियोजना कार्यान्वयन उपसमिति र अन्य साझेदार संस्थाहरुले पालना गर्नु पर्नेछ ।

१८. **परियोजना कार्यान्वयन उपसमितिको बैठक कार्यविधि**

(१) परियोजना कार्यान्वयन उपसमितिको बैठकमा बहुमत सदस्यहरुको उपस्थितिमा बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलोपल्ट राखिएको बैठकमा उपस्थितिको बहुमत नपुगेकोमा दोस्रोपल्ट एक-तिहाइ उपस्थितिमा र दोस्रोपल्ट एक-तिहाइ उपस्थिति नपुगेकोमा तेस्रोपल्ट जति हुन्छ त्यतिको उपस्थितिमा बैठक राख्न सकिनेछ ।

(३) परियोजना कार्यान्वयन उपसमितिको बैठक कम्तिमा मासिक रुपमा एक पटक बस्नु पर्नेछ ।

(४) बैठकले एक व्यक्ति, एक मतका आधारमा उपस्थित सहभागीको बहुमतबाट निर्णय गर्नेछ ।

(५) बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति र अन्य उपस्थित सहभागीले सदस्यले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्नेछ ।

(७) बैठकको मिति, समय, स्थान तथा सञ्चालन प्रकृया अध्यक्षता गर्ने व्यक्तिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद – ५

**१९. परियोजना केन्द्रको व्यवस्थापक/कार्यकारी निर्देशक सम्वन्धी व्यवस्थाः** संघले व्यवसायिक रुपमा पशुपालन परियोजना तथा पशु पुनस्थापना केन्द्र संचालन गर्नका लागि आवश्यकता अनुसार व्यवस्थापक/प्रमुख कार्यकारी अधिकृत/कार्यकारी निर्देशकको नियुक्ती नियमानुसार गर्नेछ ।

**२०. साविक केन्द्रीय पशुपन्छी पालन सहकारी संघ. लिमिटेड नेपालको** पशुपालन परियोजना तथा पशुपुनस्थापना स्याहार केन्द्र संचालन कार्यविधि २०७६ खारेज गरिएको छ ।

२१. साविक केन्द्रीय पशुपन्छी पालन सहकारी संघ लि. नेपालको पशु पालन परियोजना तथा पशु पुनस्थापना स्याहार केन्द्र संचालन कार्यविधि २०७६ अनुसार भए गरेका काम कारवाहीहरु यसै कार्यवीधि अनुसार भए गरेको मानिने छ ।